# सवारी साधनहरु लिलाम विक्री सम्वन्धी
# पुन: शिलबन्दी बोलपत्र आह्वानको सूचना

(गोरखापत्रमा पुन: प्रकाशित मिति २०७३/०९/०७)

कोषको स्वामित्वमा रहेका ६ थान पुराना चारपाङग्रे सवारी साधनहरु गोरखापत्रमा २ पटक शिलवन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा पनि तोकिएको म्याद भित्र एउटा पनि बोलपत्र नपरेका निम्न बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा ती सवारी साधनहरुको पुन: मूल्याङ्कन गरेर उल्लेखित न्यूनतम मूल्य कायम गरी पुन: शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । खरीद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले देहायको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने सवारी साधनहरु कोषको पुल्चोक, ललितपुर स्थित भवन परिसरमा रहेका छन् । ती सवारी साधनहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७१/७२ को कर चुक्ताको प्रमाणपत्र, २०७२/७३ को कर दाखिला विवरणको प्रतिलिपी समेत राखी रु. १५००/-(फिर्ता नहुने गरि) कोषको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कोषको पुल्चोक स्थित आपूर्ति शाखावाट कार्यालय समय भित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :

(क) बोलपत्र फारम यो सूचना गोरखापत्रमा पुन: प्रकाशित भएको मिति (२०७३/०९/०७) ले ७ तौ दिन (२०७३/०९/१३) भित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) गोरखापत्रमा बोलपत्र आह्वानको सुचना पुन: प्रकाशित भएको मितिले ८ औ (२०७३/०९/१४) दिनको १२ वजे भित्र बोलपत्र फारम कोषको पुल्चोक स्थित कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(ग) प्राप्त बोलपत्रहरु गोरखापत्रमा सूचना पुन: प्रकाशित भएको मितिले ८ औ दिन (२०७३/०९/१४) दिनको २:०० वजे कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा कोषका अधिकृत प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(घ) उल्लेखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने सवारी साधनको विवरण र सो को न्यूनतम मूल्य देहाय बमोजिम रहेको छ :

**लिलाम विक्री गरिने ४ (चार) पाङग्रे सवारी साधनहरु (कार /जिप )**

| सि.नं. | सवारी साधन नं. | किसिम | बनेको साल (ईंश्वी सन मा) | न्यूनतम मूल्य मू.अ.क. बाहेक (रु) |
|---|---|---|---|---|
| १ | वा ३ च ९७५८ | Maruti Car | २००० | १,०१,५७६।- |
| २ | वा ५ च १५३५ | Maruti Car | २००५ | १,४६,५२९।– |
| ३ | वा ५ च १५३६ | Maruti Car | २००५ | १,४६,५२९।– |
| ४ | वा ५ च १५३७ | Maruti Car | २००५ | १,४६,५२९।– |
| ५ | वा ५ च १५३८ | Maruti Car | २००५ | १,४६,५२९।– |
| ६ | वा ३ च ९९७४ | Kia sportage Jeep | २००१ | ३, ५९,८७१।- |

५. बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सवारी साधनको लागि आवेदन दिन सक्नेछन् । आफूले खरीद गर्न चाहेको सवारी साधन छनौट गरी मू.अ.क. सहितको कवोल गरेको कूल मूल्यको कम्तिमा १० (दश) प्रतिशतले हुन आउने धरौंटी रकम नेपाल इन्भेष्टमेन्ट बैंक, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा क बर्गका बाणिज्य बैकहरु मध्ये कुनै एक बैकले जारी गरेको ९० दिन म्याद कायम रहने गरी कोषको पक्षमा जारी भएको शर्त रहितको बैक ग्यारेन्टी सक्कलै सहित बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७१/७२ को कर चुक्ताको प्रमाणपत्र, २०७२/७३ को कर दाखिला विवरणको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्र दाताले कवोल रकममा मू.अ.क. समेत थप गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, प्रर्याप्त धरौटी/बैक ग्यारेन्टी समावेश नभएको र मू.अ.क. समावेश नभएको तथा मू.अ.क. बाहेकको कवोल रकम उल्लेखित न्यूनतम मूल्य भन्दा घटि भएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

८. बोलपत्र फाराम सिलवन्दी गरी खामको वाहिर "कर्मचारी सञ्चयकोष, सवारी साधन लिलाम विक्रि सम्बन्धी बोलपत्र" उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नु पर्नेछ ।

९. प्राप्त वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारहरु कोषमा सुरक्षित रहनेछ ।

१०. सवारी लिलाम सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कोषको पुल्चोक स्थित आपूर्ति शाखामा सम्पर्क राख्न सकिने छ ।

११. यो सूचना कोषको Website www.epfnepal.com.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
**आपूर्ति शाखा, पुल्चोक ।**
**फोन नं. ५०१०११८**